**आज मिति २०७९ असोज १ गते शनिवार बिहान ८:३० बजे गृह मन्त्रालयको सभाहलमा माननीय गृहमन्त्रीज्यूको उपस्थितिमा "मिटर ब्याज तथा ठगी विरुद्ध किसान मजदुर सङ्घर्ष समिति" सँग भएका सहमतिका विषयहरू**

१. मिटरब्याज अपराध नियन्त्रण सिफारिस कार्यदलको प्रतिवेदनमा उल्लिखित सिफारिस बमोजिम स्थानीय तह र स्थानीय प्रशासनका प्रतिनिधि र सरोकारवालाको संलग्नतामा लेनदेनका कागजातहरू छानबिन गरी कानूनसम्मत कागजात पालिकामा अद्यावधिक गरी एक प्रति पालिकामा राख्ने र मिटरब्याजसँग सम्बन्धित देखिएका कागजात खिँच्ने तथा अवैध घोषणा गर्ने तथा दृष्टिबन्धक खोल्नुपर्ने देखिएमा सो को लागि कानूनसम्मत सहजीकरण गर्ने। उल्लिखित प्रयोजनका लागि आवश्यक कार्यविधि तर्जुमा गरी पठाउने।

२. मिटरब्याजी परिवारको सम्पत्ति छानबिनका सम्बन्धमा कार्यदलको सिफारिस बमोजिम गर्ने।

३. मिटरब्याजीको निरन्तर मानसिक प्रताडना तथा हिंसाको कारण मृत्यू भएका ऋणीका परिवारहरूलाई राहत तथा क्षतिपूर्ति पीडकबाट भराउन आवश्यक व्यवस्था मिलाउने।

४. ऋणीसँग ऋणको तमसूक गर्दा ऋणीले साँवा ब्याज चुक्ता गरेपछि फिर्ता गर्ने गरी साहू वा निजले इच्छाएको व्यक्तिका नाममा जग्गा रजिष्ट्रेशन पास गरिदिएको तर कानूनसम्मत रूपले हुन आउने साँवा ब्याज पुरै चुक्ता गर्दा वा गर्न तयार हुँदा पनि जग्गा फिर्ता नगरेको पुष्टि हुन आएमा उक्त जग्गा जुनसुकै तहसम्म विक्री गरेको भए तापनि साहुले उक्त जग्गा फिर्ता गर्न अन्तरनिकाय समन्वय गरी कानूनी ब्यवस्था गर्ने।

५. सङ्घर्ष समितिका मागपत्रका सम्बन्धमा कार्यदलको प्रतिवेदनमा उल्लखित सिफारिसको कार्यान्वयनका लागि अन्तरनिकाय समन्वय गरी नेपाल सरकार मन्त्रिपरिषद्ले लिनु पर्ने आवश्यक निर्णयका लागि नेपाल सरकार मन्त्रिपरिषदमा प्रस्ताव पेश गर्ने।

| संघर्ष समितिको तर्फबाट | गृह मन्त्रालयको तर्फबाट |
|---|---|
| राम सुरत गुप्ता राम सुरत गुप्ता<br>(अध्यक्ष)<br>निर्गराज जैसी [signature]<br>(प्रवक्ता)<br>मिटर ब्याज तथा ठगी विरुद्ध किसान-मजदूर सङ्घर्ष समिति | डा. भीष्मकुमार भूसाल<br>संयोजक<br>मीटरब्याज अपराध नियन्त्रण सिफारिस कार्यदल<br>[signature] |
| रोहवर<br>मा. गंगा कुमारी बेल्बासे<br>[signature] २०७९।६।१ | |

नेपाल सरकार
गृह मन्त्रालय